प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय
# लिवाङ, रोल्पा

"सम्वृद्धीको लागि वन"

पत्र संख्या : योजना /०७७/७८
च.नं. : ४९६

मिति : २०७७/०८/३०

विषय : फलफुल विरुवा खरिद सम्बन्धी दरभाउपत्रको सूचना टाँस गरिदिने बारे ।

श्री रोल्पा न.पा.को कार्यालय/ सुनिलस्मृती/
थवाङ/सुनछहरी/ लुंग्री/त्रिवेणी/रुन्टीगढी/
माडी/गंगादेब/परिवर्तन गा.पा.को कार्यालय, रोल्पा ।

उपरोक्त सम्बन्धमा यस कार्यालयको आ.व. २०७७/०७८ को सघीय सशर्त तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार फलफूल विरुवा खरिद सम्बन्धी सूचना प्रकाशन गरिएको हुदा यसै पत्रसाथ संलग्न सूचना पाना २ (दुई) तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरिदिनु हुन अनुरोध छ ।

२०७७/०८/३०

बाबुराम पोखेल
निमित्त डिभिजनल वन अधिकृत

प्रदेश सरकार

**लुम्बिनी प्रदेश**

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**वन निर्देशनालय**

# डिभिजन वन कार्यालय

# लिवाङ, रोल्पा

"सम्वृद्धीको लागि वन"

पत्र संख्या :योजना /०७७/७८

## फलफूलको बिरुवा खरीद सम्बन्धि दरभाउ पत्रको सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति :- २०७७/०८/३०)**

यस कार्यालयको चा.लु आ.व. २०७७/०७८ को संघ सशर्त तर्फकको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत आपुर्तिकर्ताबाट तपसिल बमोजिमका फलफुल विरुवा खरिद तथा तोकिएको स्थानमा ढुवानी गर्नुपर्ने भएकोले तपसिलका विवरणको परिधिमा रही यस कार्यालयको नियमानुसार सूची दर्ता भएका (सूची दर्ता नभएको भए सो समेत गरी) र प्रचलित कानुन बमोजिम योग्यता पुगेका आपुर्तिकर्ताहरुबाट व्यवसायिक प्रमाण (संस्था दर्ता/नबिकरण प्रमाण पत्र, स्था.ले.नं./मु.अ.कर दर्ता प्रमाण पत्र, गत आ.व.को कर चुक्ता प्रमाण पत्र लगाएतका कागजात प्रतिलिपी) संलग्न राखी यो सूचना राष्ट्रिय दैनिकमा प्रथम पटक मिति २०७७/०८/३० मा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा खरीद गरी १६ औं दिनमा दिनको १२:०० बजे सम्ममा देहायको शर्तको अधिनमा रही यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दाखिला गर्न आह्वान गरिन्छ । दरभाउ फाराम यस कार्यालयबाट रु.१०००/- (फिर्ता नहुने गरी) तिरि कार्यालय समयमा खरिद गर्न सकिने छ ।

**तपसिल :**

| क्र.सं. | विरुवा प्रजाति | आपूर्ति गर्नुपर्ने स्थान र समय | | | |
|---|---|---|---|---|---|
| | | स्पेसिफिकेसन | जम्मा परिमाण | जम्मा अधिकतम मूल्य | आपूर्ति गर्नुपर्ने स्थान र समय |
| १ | दाँतेओखर | उमेर १ देखी २ वर्ष, १.५ देखी २.५ फिट उचाई सम्म उचाई भएको पराल/जुट/प्लाष्टिकले माटो सहितको जरा बेरिएको, रोग, किरा नलागेको स्वस्थकर विजु विरुवा | १०,७७० | ७,००,०००/- | डिभिजन वन नर्सरी, लिवाङ, सुलिचौर सव डिभिजन वन नर्सरी, जलजला सव डिभिजन वन नर्सरी, ओवाङ |
| २ | कागती | | १२,००० | ३,००,०००/- | |
| | जम्मा | | २२,७७० | १०,००,०००/- | |
| २२,७७० गोटाको अधिकतम खरीद मूल्य अक्षरुपी दश लाख रुपैया मात्र । | | | | | |

शर्तहरु :

१. पत्रिकामा प्रथम पटक सूचना प्रकाशन भएको मिति २०७७/०८/३० ले १५ (पन्ध्र) दिन भित्रमा यस कार्यालयबाट कार्यालय समय भित्र तोकिएको मूल्य (फिर्ता नहुने गरी) तिरी दरभाउपत्र खरिद गर्न सकिने छ । दरभाउपत्र खरिद गर्न ईच्छुक व्यक्ति/फर्म वा कम्पनी का प्रोप्राइटरले दरभाउपत्र खरिद गर्न दिइएको निवेदनको साथमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य

प्रदेश सरकार

## लुम्बिनी प्रदेश

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## वन निर्देशनालय

# डिभिजन वन कार्यालय

# लिवाङ, रोल्पा

"सम्वृद्धीको लागि वन"

पत्र संख्या :योजना /०७७/७८

अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

२. खरीद गरिएका दरभाउ पत्रहरु रितपूर्वक भरी सिलबन्दी गरेर मिति २०७७/०३/०५ गते दिनको १२:०० बजे समय भित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ । दरभाउ पत्र बिक्रि गर्ने, दाखिला गर्ने अन्तिम दिन र दरभाउपत्र खोल्ने दिनमा बिदा परेमा सो को भोलीपल्ट बिक्री, दाखिला र खोल्ने कार्य हुनेछ । पेश भएका दरभाउपत्रहरु प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

३. जसको नाममा बिक्रि भएको दरभाउपत्र फाराम हो, उसैको तर्फबाट दाखिला गर्नुपर्ने छ ।

४. उल्लेखित जातको विरुवाहरु उपलब्ध गराउन ईच्छुक व्यक्ति/फर्म वा कम्पनी का प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (एब्ल्) दर्ता प्रमाणपत्रको प्रतिलिपी दरभाउपत्रसाथ पेश गर्नुपर्ने छ ।

५. दरभाउपत्रको साथमा कवोल गरेको रकमको २.५५ ले हुने धरौटी रकम, कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा नेपाल बैंक लिमिटेड रोल्पा शाखामा रहेको धरौटी खाता नं ०७६०२०००००२००३०००००१ डिभिजन वन कार्यालय, रोल्पाको कोड नं. ३०७०२५४०१५ मा जम्मा गरी सो को सक्कल भौचर वा कम्तिमा ७५ दिन म्याद कायम रहेको रितपूर्वकको बैंक ग्यारेन्टी वा बैंक डार्फट समावेश हुनु पर्ने छ ।

६. दरभाउपत्रमा सकार रकम, अकं र अक्षर दुवैमा लेख्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

७. म्याद नाघी वा रीत नपुगी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरीने छैन ।

८. दरभाउपत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उल्लङ्घन भएमा दरभाउपत्र मान्य हुने छैन ।

९. दरभाउपत्र सदर वा वदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीका निहीत रहने छ ।

१०. उपयुक्त सुचना सम्बन्धमा कुनैकुरा हेरफेर वा संसोधन गर्नु परेमा यस कार्यालयबाट गर्न सकिने छ ।

११. सकार दररेट र बिनियोजित बजेटको आधारमा विरुवाको परिमाणमा सामान्य थपघट हुनसक्ने छ ।

१२. सूचना बमोजिमका विरुवाहरुको गुणस्तर यस कार्यालयका प्रतिनिधीबाट चेकजाँच गराई गुणस्तर ठीक भएमा मात्र विरुवा आपूर्ति गर्नुपर्ने छ ।

१३. तोकिएको स्थानमा विरुवा आपुर्ति भएमा क्षति नपुगेको स्वस्थकर विरुवा मात्र गणना गरी खरीद गर्न सकिने छ ।

१४. अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम अनुसार हुने छ ।

ईति सम्वत् २०७७ साल मंसिर ३० गते रोज ४ मा शुभम् ।